श्री

☎ ०८४-४२०२७७

# बर्दिया जिल्ला अदालत
# गुलरिया

प.सं. :- ०७३।०७४ तहशिल
च.नं.

मितिः-२०७३।८।१४

विषय :- **सुचना । सुचना ।। सुचना ।।।**

यस अदालतका फैसला तथा अन्य अदालतका फैसलाले लागेका दण्ड जरिवाना र सरकारी विगो बाँकी बक्यौता बुझाउन ल्याएमा जिल्ला अदालत नियमावलि २०५२ को नियम ८७ वमोजिम र मु.ऐ दण्ड सजायको ४१(क) नं. बमोजिम देहाए वमोजिम छुट पाउने हुँदा यो सुचना प्रकाशित गरिएको छ ।यो सुचना प्रकासित भएको मितिले देहाए वमोजिमको समय भित्र सम्वन्धित व्यक्तिले त्यस्तो दण्ड, जरिवाना र सरकारी विगो तिर्न वुझाउन ल्याएमा उक्त नियमावली बमोजिम देहाए बमोजिमको छुट पाउने व्यहोरा सम्वन्धित सबैको जानकारिका लागी यो सुचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

## छुट पाउने समय र प्रतिशत

२०७३/८/१४

- सुचना प्रकाशित भएको मितिले एक महिना भित्र सम्वन्धित व्यक्तिले वुझाउन ल्याएमा सो रकमको १५% प्रतिशत ।
- दुई महिना भित्र वुझाउन ल्याएमा सो रकमको १३% प्रतिशत ।
- तीन महिना भित्र वुझाउन ल्याएमा सो रकमको ११% प्रतिशत ।
- चार महिना भित्र वुझाउन ल्याएमा सो रकमको ९% प्रतिशत ।
- पाँच महिना भित्र वुझाउन ल्याएमा सो रकमको ७% प्रतिशत ।
- छ महिना भित्र वुझाउन ल्याएमा सो रकमको ५% प्रतिशत ।
- मु.ऐ.दण्ड सजायको ४१(क)नं.बमोजिम जरिवाना वा कैद को सजाय लागेको व्यक्ति अन्तिम फैसला हुदा अड्डामा उपस्थित भै जरिवाना वुझाउन वा कैदमा वस्न मञ्जुर भएमा वा त्यस्तो सजाय हुने गरी फैसला भएको व्यक्ति फैसला भएको मितिले ६० दिन भित्र फैसला गर्ने वा लगत रहेको अड्डामा हाजिर भै जरिवाना तिर्न वा कैदमा वस्न आंफै उपस्थित भएमा निजलाई भएको सजायमा २० प्रतिशत मिनाहा हुनेछ ।

प्रकाशित मिती :-२०७३।८।१४